# लुम्बिनी भ्रमण वर्ष कार्यक्रम, २०७६



**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**रुपन्देही, बुटवल**

**२०७५**

# लुम्बिनी भ्रमण बर्ष कार्यक्रम, २०७६

## १. पृष्ठभूमि तथा अवधारणा

प्रदेश नं. ५ को रुपन्देही जिल्लामा अवस्थित शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूची (साँस्कृतिक) मा सूचीकृत पावनभूमि हो । विश्व शान्तिको समेत प्रतिक मानिने लुम्बिनी क्षेत्र बौद्ध धर्मावलम्वीहरुका लागि महत्वपूर्ण पावनक्षेत्र भएकाले विश्वभरिका पर्यटकहरु वर्षेनी लुम्बिनी भ्रमण गर्न आउने गर्छन् । लुम्बिनी बिकास कोषको पछिल्लो ३ वर्षको तथ्याङ्क अनुसार लुम्बिनी क्षेत्रमा सरदर वार्षिक १२,५०,००० नेपाली, १,६१,००० भारतीय र १,५१,००० अन्य ८७ देशका अन्तर्राष्ट्रिय पर्यटक गरी कूल १५,६२,००० जना पर्यटकले भ्रमण गरेको देखिन्छ ।

नेपालको संविधानमा पर्यटन विषयलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखिएको छ । सोको अनुसूची (७) मा उल्लिखित संघ र प्रदेशको साझा अधिकारहरुमध्ये पर्यटन क्षेत्रको कार्य विस्तृतीकरण नेपाल सरकारवाट जारी गरिएको कार्य विस्तृतीकरण प्रतिवेदनको बुँदा नं. १८.१ मा गरिएको छ । जस अनुसार प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, प्रादेशिक पर्यटनको प्रवर्द्धन लगायतका कार्यहरु प्रदेश सरकारको कार्यक्षेत्र अन्तरगत राखिएको छ ।

प्रदेश नं. ५, प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ मा उल्लिखित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारीहरुमध्ये प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन पनि एक रहेको छ । प्रदेश सरकारको आ. व. २०७५/७६ को नीति तथा कार्यक्रममा प्रदेश भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको पहिचान, संरक्षण, सम्वर्द्धन एवम् अध्ययन र अनुसन्धानका माध्यमबाट प्राप्त महत्वपूर्ण जानकारीका लागि प्रचार प्रसार गरेर यस प्रदेशको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचय र प्रख्याती फैलाउने कार्य गरिनेछ भन्ने उल्लेख भएको छ भने आ.व. २०७५/७६ को बजेट बक्तब्यको बुँदा नं. ८४ मा लुम्बिनी आउने पर्यटकको सङ्ख्यामा उल्लेख्य बृद्धि गर्ने नीति अनुसार २०७६ साललाई लुम्बिनी भ्रमण बर्षको रुपमा विबिध कार्यक्रम आयोजना गरी मनाइनेछ भन्ने रहेको छ।

प्रदेश सरकारको उल्लिखित नीति तथा कार्यक्रम एवम् बजेट बक्तब्यको कार्यान्वयन गरी लुम्बिनी क्षेत्रमा थप संख्यामा पर्यटकहरु आकर्षित गर्दै उनीहरुको बसाई लम्ब्याई पर्यटन प्रवर्द्धन गर्न लुम्बिनी भ्रमण बर्ष २०७६ को कार्यान्वयन गर्नुपर्ने भएको छ । लुम्बिनी भ्रमण बर्षको सफल कार्यान्वयनका लागि आवश्यक कार्यक्रमको स्वरुप, स्रोत साधन एवम् संस्थागत प्रवन्ध समेतको व्यवस्था गर्न आवश्यक भएकोले यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

## २. उद्देश्य

लुम्बिनी भ्रमण बर्ष २०७६ सञ्चालन गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

क. लुम्बिनी भ्रमण बर्ष २०७६ सफल रुपमा सञ्चालन गरी नेपाल सरकारबाट सन् २०२० लाइ भिजिट नेपाल वर्षका रुपमा मनाउन लागिएको कार्यक्रमलाई आधार प्रशस्त गर्नुका साथै पर्यटन प्रवर्द्धनमार्फत समृद्धी हासिल गर्न टेवा पु--याउने ।

ख. यस क्षेत्रको धार्मिक, पर्यटकीय, साँस्कृतिक, पुरातात्विक एवम् ऐतिहासिक महत्वका स्थानहरुको पहिचान, संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनमा टेवा पु--याउने ।

## ३. कार्यक्रम

लुम्बिनी भ्रमण बर्ष कार्यक्रम, २०७६ मा उल्लेखित क्रियाकलापहरु मुख्यतया लुम्बिनी क्षेत्र तथा बुद्धपथसँग सम्बन्धित तिलौराकोट, गोटिहवा, कुदान, निग्लिहवा, देबदह (पण्डितपुर), रामग्राम, अरौराकोट, सगरहवा, सिसहनिया, अनोमा नदि लगायतका क्षेत्रहरुलाई लक्षित गरी सञ्चालन गरिनेछन् । एफ. एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका जस्ता प्रचार प्रसारका कार्यक्रमहरु मुलुकवासी तथा अन्तर्राष्ट्रिय जगत समेतलाई लक्षित गरी सञ्चालन गरिनेछन् । लुम्बिनी क्षेत्र तथा बुद्धपथसँग सम्बन्धित स्थानहरुको साथै बुद्धपथसँग नजोडिएका तर भारत हुँदै लुम्विनी क्षेत्रमा पर्यटक भ्रमण गर्ने प्रमुख नाका बेलहिया, भैरहवा जस्ता स्थानहरुमा सरसफाई अभियान सञ्चालन गरिनेछ । गौतमबुद्धको जीवनीसंग सम्वन्धित सडक प्रदर्शनी (Road show) कार्यक्रम होटेल व्यवसायी तथा पर्यटन व्यवसायी मार्फत ७ वटै प्रदेश र भारतको कुशीनगर, बोधगया एवम् लुम्विनीको सीमा क्षेत्र भारतको बेलहिया जस्ता स्थानमा समेत सञ्चालन गरिनेछ । सरोकारवालाहरुसँगको छलफल, अन्तरक्रिया र सुझाव समेतका आधारमा लुम्बिनी भ्रमण बर्ष कार्यक्रम, २०७६ मा निम्नानुसारका कार्यक्रम प्रस्ताव गरिएको छ ।

१. समिति /उपसमिति गठन तथा सञ्चालन
२. सभा/समारोह/उत्सव/पूजाआजा
३. प्रचार प्रसार
४. सरसफाइ तथा सौन्दर्यीकरण
५. खेलकूद, साहित्य, सँस्कृति तथा क्षमता अभिवृद्धि
६. अन्तर्राष्ट्रिय स्तरको बौद्ध दर्शन र लुम्बिनीका बारेमा कार्यपत्र प्रस्तुती

उपरोक्त कार्यक्रम सञ्चालनका लागि तय गरिएका क्रियाकलापहरु एवम् बजेट अनुसूची १ मा उल्लेख गरिएका छन् । प्रदेश सरकार, प्रदेश नं. ५, मन्त्रिपरिषदबाट यस कार्यक्रम स्वीकृती पश्चात् कार्यान्वयनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयवाट हुनेछ ।

गौतम बुद्धको जीवनसँग पूर्णिमा तिथिको तादात्मय रहेको छ । त्यसैले लुम्बिनी भ्रमण वर्षको कार्यक्रमको शुभारम्भ २०७६ साल बैशाख पूर्णिमाबाट गरी २०७६ साल चैत्र पूर्णिमामा समापन गरिनुका साथै प्रस्तावित मुख्य मुख्य कार्यक्रमहरु पनि पुर्णिमाका दिनमै संचालन गरिनेछ ।

## ४. कार्यक्रम सञ्चालन विधि

लुम्बिनी भ्रमण बर्ष २०७६ का क्रियाकलापहरु सञ्चालन गर्दा यसै कार्यक्रम दस्तावेजलाई आधार मानिनेछ । कार्यक्रमलाई समग्रमा दिशानिर्देश गर्न एक मूल समिति रहनेछ भने कार्यक्रमको व्यवस्थापन कार्यकारी समितिले गर्नेछ । कार्यकारी समितिले आवश्यकता अनुसार लुम्बिनी विकास कोष, जिल्ला समन्वय समिति तथा स्थानीय तहसँग समन्वय गरी कार्य सम्पादन गराउनेछ । निजीक्षेत्रसँगको सहकार्यमा गर्नुपर्ने कार्यका लागि बजेट सीमाको अधिनमा रहि प्रस्ताव माग गरी प्रचलित कानून वमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका साथै सो समितिले विभिन्न विषयगत उपसमितिहरु गठन गरी कार्यादेश दिन सक्नेछ । लुम्बिनी भ्रमण वर्ष २०७६ को सचिवालय उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा रहनेछ । कार्यक्रमको सफल कार्यान्वयमा प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालयहरु र मातहतका निकायहरुको सहयोग रहनेछ । मूल समिति र कार्यकारी समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

## ५. संस्थागत व्यवस्था

क. लुम्बिनी भ्रमण वर्ष २०७६ मूल समिति (यस पछि मूल समिति भनिएको)
ख. लुम्बिनी भ्रमण वर्ष २०७६ कार्यकारी समिति (यस पछि कार्यकारी समिति भनिएको)
ग. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
घ. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
ङ. लुम्बिनी भ्रमण वर्ष २०७६ को सचिवालय
च. लुम्बिनी विकास कोष
छ. जिल्ला समन्वय समिति, नवलपरासी / रुपन्देही / कपिलवस्तु
ज. बुद्ध सर्किटसँग सम्बन्धित स्थानीय तहहरु
झ. लुम्बिनी र पर्यटनसँग सम्बन्धित निजी संघ संस्थाहरु
ञ. मूल समिति वा कार्यकारी समितिले तोकेका अन्य निकायहरु

### ५.१ मूल समिति

लुम्बिनी भ्रमण वर्ष २०७६ को सफल आयोजनाका लागि अनुसूची २ बमोजिमको लुम्बिनी भ्रमण वर्ष २०७६ मूल समिति गठन हुनेछ । मूल समितिको मूख्य कार्य कार्यकारी समितिलाई मार्गदर्शन गर्नु र कार्यक्रम कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नुहुनेछ ।

### ५.२ कार्यकारी समिति

लुम्बिनी भ्रमण वर्ष २०७६ का कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनका लागि अनुसूची ३ बमोजिमको कार्यकारी समिति गठन हुनेछ । कार्यकारी समितिको कार्यक्षेत्र देहाय अनुसार हुनेछ ।

१. लुम्बिनी भ्रमण वर्ष २०७६ का कार्यक्रम कार्यान्वयनमा कुनै समस्या परेमा बाधा अड्काउ फुकाउने र आवश्यक देखिएमा निकासका लागि मूल समितिमा पठाई निकासा भए बमोजिम गर्ने ।
२. स्वीकृत कार्यक्रम अनुसारका क्रियाकलाप सञ्चालन गर्नका लागि बजेटमा आधारित कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
३. आवश्यकता अनुसार लुम्बिनी विकास कोष, जिल्ला समन्वय समिति, स्थानीय तह र निजीक्षेत्रसँगको समन्वयमा कार्य सम्पादन गर्ने, गराउने ।
४. कार्यक्रम व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउनका लागि समिति मातहत आवश्यकता अनुसारका विषयगत उपसमिति गठन गरी कार्यदिश दिने ।
५. कार्यक्रमको शुभारम्भ तथा समापन जस्ता विशेष समारोहमा सहभागी हुने ।
६. कार्यक्रम कार्यान्वनको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने ।

### ५.३ सचिवालय

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा रहने लुम्बिनी भ्रमण वर्ष २०७६ को सचिवालयले यस कार्यक्रम कार्यान्वयनका लागि प्रशासनिक तथा समन्वय इकाईका रुपमा कार्य गर्नेछ । सचिवालयले आवश्यकता अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउनेछ ।

लुम्बिनी भ्रमण वर्ष २०७६ को सचिवालयमा यस मन्त्रालयको औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा प्रमुखको संयोजकतामा शाखा अधकृत स्तरको कर्मचारी ३ जनाका साथै लेखा अधिकृत र एक सहायक स्तरको कर्मचारीको व्यवस्थापन गरिनेछ । सचिवालयका काम कार्वाहीलाई सहयोगका लागि हलुका सवारी चालक र कार्यालय सहयोगीको व्यवस्थापन समेत गरिने छ ।

**६. संभावित जोखिम**

१. पूर्वाधार, जनशक्ति तथा अनुभवको कमी रहेकोले कार्यान्वयन जोखिमपूर्ण रहेको ।
२. निर्माणाधीन भैरहवा– लुम्बिनी– तौलिहवा सडकको अवस्था जीर्ण रहेको र सो सडकखण्डका पूलमध्ये दानो नदि र वेथरी पूल अति जीर्ण भएका र परिवहन चाप उच्च रहेकोले कुनै पनि बेला यातायात प्रणालीमा अवरोध हुन सक्ने जोखिम रहेको ।
३. मौजुदा लुम्बिनी विकास कोष ऐन २०४२ मा प्रदेश सरकारको भूमिका नरहेकाले सहकार्यलाइ व्यवस्थित गर्ने कार्य समस्यामूलक रहेको ।

उल्लेखित जोखिमको पूर्वानुमान र व्यवस्थापन गर्ने क्रममा भैरहवा – लुम्बिनी – तौलिहवा सडकको अवस्था सुधार एवम् तिनाउ र दानो पूलमा बेलीब्रिज या अन्य यस्तै बैकल्पिक संरचना तयारीका लागि समन्वय गरिनेछ ।

**७. अपेक्षित उपलब्धी**

१. राष्ट्रिय/अन्तरार्ष्ट्रिय क्षेत्रमा लुम्बिनी क्षेत्रको प्रचार भई सो क्षेत्रको महत्व बढ्ने र बिकास भएको हुने,
२. लुम्बिनी क्षेत्रमा आउने पर्यटकको संख्या र उनीहरुको सो क्षेत्रको बसाई अवधिमा वृद्धि भएको हुने,
३. लुम्बिनी क्षेत्रको स्थानीय उत्पादन तथा ब्यापार ब्यवसायमा बृद्धि भएको हुने,
४. होटेल, ट्राभल एजेन्सी, यातायात ब्यवसायको प्रवर्द्धन भएको हुने,
५. थप रोजगारी सिर्जना भएको हुने, र
६. प्रदेश सरकार र लुम्बिनी विकास कोष बीच समन्वय र सहकार्य भई यसक्षेत्रको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव परेको हुने ।

# अनुसूची १- प्रस्तावित क्रियाकलाप र बजेट

(बजेट रु हजारमा)

| क्र सं | क्रियाकलाप | इकाइ | कुल प्याकेज | | आ व २०७५/७६ | | आ व २०७६/७६ | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| **१.०** | **सभा / समारोह / उत्सव / पुजा आजा** | | | | | | 0 | **0** | |
| १.१ | उद्घाटन समारोह | पटक | 1 | ७००० | 1 | ७००० | 0 | **0** | |
| १.२ | समापन समारोह | पटक | 1 | **१५00** | 0 | **0** | 1 | **१५00** | |
| १.३ | मायादेबी प्रसुति मार्ग घोषणा तथा प्रसुति उत्सव | पटक | 1 | १५०० | 1 | १५०० | 0 | **0** | |
| १.४ | लुम्बिनी फुड फेस्टिवल | पटक | १ | **800** | 0 | **0** | 1 | **800** | |
| १.५ | सुजाता खिर उत्सव | पटक | १ | **500** | 1 | **500** | 0 | **0** | |
| १.६ | लुम्बिनी मायादेबी मन्दिर परिसरमा दैनिक दीप प्रज्वलन | प्याकेज | 1 | **1200** | 1 | **400** | १ | **800** | |
| १.७ | मासिक फूलमून डे उत्वस | पटक | 12 | **1200** | 3 | **300** | 9 | **900** | |
| १.८ | धार्मिक यात्रा/त्रिपिटिक वाचन/पूजाआजा | प्याकेज | २ | ४०० | ० | ० | 2 | **400** | |
| १.९ | योग तथा ध्यान शिबिर | प्याकेज | १ | ५०० | ० | ० | 1 | **500** | |
| १.१० | अन्य (आकर्षक स्वागत गेटहरु निर्माण, जाति विशेष झाँकीहरु प्रदर्शनी, बत्ती जडान आदि) | प्याकेज | १० | १५०० | ६ | ९०० | ४ | ६०० | |
| **२.०** | **प्रचार प्रसार** | | | | | | 0 | **0** | |
| २.१ | ब्रान्डिङ्ग/लोगो/जिंगल/वेब पेज तयारी | प्याकेज | ३ | **६00** | ३ | **६00** | 0 | **0** | |
| २.२ | एफ एम / रेडियो / टेलिभिजन / पत्र पत्रिका | ल स | 1 | **३500** | 1 | **२000** | १ | **१500** | |
| २.३ | बुद्ध सर्किट सँग सम्बन्धित ब्रोसर तयारी | लाख | 2 | **2000** | १ | **1000** | 1 | **1000** | |
| २.४ | बुद्ध सर्किट सूचना तथा होर्डिङ्ग बोर्ड तयारी तथा जडान | प्याकेज | 20 | **1000** | ० | ० | 20 | **1000** | |
| २.५ | सडक प्रदर्शनी (Road show) | पटक | 15 | **2250** | ८ | **1200** | 7 | **1050** | |
| २.६ | टि सर्ट/क्याप तयारी तथा वितरण | प्याकेज | 2 | **१000** | 1 | **५00** | 1 | **५00** | |
| २.७ | राष्ट्रिय झण्डा निर्माण तथा व्यवस्थापन | प्याकेज | ३ | १०५० | ३ | १०५० | 0 | **0** | करिब १०० फुट अग्लो |
| २.८ | भ्रमण वर्ष स्टिकर तयारी | प्याकेज | १ | ५०० | १ | ५०० | ० | ० | |
| २.९ | प्रदेश भित्रको उत्पादन विक्री कक्ष ब्यवस्थापन | महिना | १२ | ६०० | ३ | १५० | ९ | ४५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **३.०** | **सरसफाइ तथा सौन्दर्यिकरण** | | | | | | 0 | **0** | |
| ३.१ | बुद्ध सर्किटका विभिन्न स्थानहरुमा सरसफाइ अभियान | प्याकेज | 1० | **१५००** | ५ | ७५० | ५ | **७५०** | |
| ३.२ | लुम्बिनी प्रवेशका नाकाहरुमा सरसफाइ अभियान | प्याकेज | ५ | १००० | २ | ४०० | ३ | ६०० | |
| ३.३ | डस्टविन खरिद तथा ब्यवस्थापन | संख्या | 200 | **500** | 200 | **500** | 0 | **0** | |
| ३.४ | बेलहिया-भैरहवा दिपमाला जडान तथा ब्यवस्थापन | प्याकेज | 1 | **1000** | ० | ० | 1 | **1000** | |
| **४.०** | **खेलकूद, साहित्य, सँस्कृति, तथा क्षमता विकास** | | | | | | 0 | **0** | |
| ४.१ | लुम्बिनी पिस म्याराथुन | पटक | 1 | ५०० | 0 | **0** | 1 | **५00** | |
| ४.२ | बुद्ध दर्शन र शान्ती विषयक निबन्ध प्रतियोगिता | पटक | 1 | **३00** | 1 | **३00** | ० | ० | |
| ४.३ | साहित्यिक गोष्ठी | पटक | 1 | **५00** | 0 | **0** | 1 | **५00** | |
| ४.४ | विश्व शान्ती सुमधुर साँझ | पटक | 1 | **400** | 0 | **0** | 1 | **400** | |
| ४.५ | पर्यटक गाइड/स्वयम सेवक तालिम | जना | १०० | १००० | १०० | १००० | ० | ० | |
| **५.०** | **अन्तराष्ट्रिय स्तरको बौद्ध दर्शन र लुम्बिनीका बारेमा कार्यपत्र प्रस्तुती** | पटक | 1 | २0**00** | 0 | **0** | 1 | २0**00** | |
| **६.०** | **समिति तथा उपसमिति गठन तथा बैठक भत्ता, खाजा, आदि** | | | | | | 0 | **0** | |
| ६.१ | मूल समारोह समिति | पटक | ३ | **६00** | २ | ४०० | १ | **२00** | |
| ६.२ | कार्यकारी समिति | पटक | 14 | **५६०** | 6 | **२४0** | 8 | **३२०** | |
| ६.३ | उपसमिति | पटक | ५0 | **५00** | 20 | **२00** | ३0 | **३00** | |
| ६.४ | लुम्बिनी भ्रमण वर्ष २०७६ सचिवालय | प्याकेज | 1 | **2000** | 1 | १००० | 0 | **1000** | |
| **७.०** | **विविध** | ल स | 2 | १००० | 1 | ४०० | 1 | **६00** | |
| | **जम्मा** | | | ४१९६० | | २२७९० | | १९१७० | |

नोट: मुख्य मुख्य क्रियाकलापहरुको पुष्टयाँई सहित आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कार्यकारी समितिले निर्णय गर्नेछ ।

# अनुसूची २ - मूल समिति

| | |
|---|---|
| माननीय मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५ | अध्यक्ष |
| माननीय मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| माननीय मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| माननीय मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| माननीय मन्त्री, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सदस्य |
| माननीय मन्त्री, सामाजिक विकास मन्त्रालय | सदस्य |
| प्रदेश सभाका माननीय सदस्यहरु | सदस्य |
| जिल्ला समन्वय समिति नवलपरासी/रुपन्देही/कपिलवस्तुका प्रमुखहरु | सदस्य |
| प्रमुख सचिव – मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| नगर प्रमुख, बुटवल उप महानगरपालिका | सदस्य |
| नगर प्रमुख, सिद्धार्थनगर नगरपालिका | सदस्य |
| नगर प्रमुख, तिलोत्तमा नगरपालिका | सदस्य |
| नगर प्रमुख, लुम्बिनी सांस्कृतिक नगरपालिका | सदस्य |
| नगर प्रमुख, कपिलवस्तु नगरपालिका | सदस्य |
| नगर प्रमुख, देबदह नगरपालिका | सदस्य |
| नगर प्रमुख, रामग्राम नगरपालिका | सदस्य |
| नगर प्रमुख, वाणगंगा नगरपालिका | सदस्य |
| नगर प्रमुख, सैनामैना नगरपालिका | सदस्य |
| प्रदेश मन्त्रिपरिषद् र मन्त्रालयका सचिवहरु | सदस्य |
| सदस्यहरु, प्रदेश योजना आयोग | सदस्य |
| प्रतिनिधी, नेपाल पर्यटन बोर्ड | सदस्य |
| उपाध्यक्ष, लुम्बिनी विकास कोष | सदस्य |
| रुपन्देही, कपिलवस्तु र नवलपरासी (सुस्ता पश्चिम) जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु | सदस्य |
| अध्यक्ष, सुस्ता गाउपालिका | सदस्य |
| लुम्बिनी विकास कोषका योजना प्रमुख | सदस्य |
| प्रदेश प्रहरी प्रमुखहरु: नेपाल प्रहरी तथा सशस्त्र प्रहरी, प्रदेश नं ५ | सदस्य |
| नेपाल प्रहरी प्रमुख तथा सशस्त्र प्रहरी प्रमुख, रुपन्देही/कपिलवस्तु / नवलपरासी | सदस्य |
| प्रदेश मन्त्रालयहरु मातहत निर्देशनालयका निर्देशकहरु | सदस्य |
| अध्यक्ष, प्रदेश पत्रकार महासंघ | सदस्य |

| | |
|---|---|
| अध्यक्ष, पत्रकार महासंघ रुपन्देही | सदस्य |
| अध्यक्ष, पत्रकार महासंघ कपिलवस्तु | सदस्य |
| अध्यक्ष, पत्रकार महासंघ नवलपरासी | सदस्य |
| अध्यक्ष, होटल व्यवसायी संघ रुपन्देही | सदस्य |
| अध्यक्ष, होटल व्यवसायी संघ कपिलबस्तु | सदस्य |
| अध्यक्ष, होटल व्यवसायी संघ नवलपरासी सुस्ता पश्चिम | सदस्य |
| अध्यक्ष, ट्राभल एण्ड टुर व्यवसायी संघ संगठन | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, बुटवल उप महानगरपालिका | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, सिद्धार्थनगर नगरपालिका | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, लुम्बिनी सांस्कृतिक नगरपालिका | सदस्य |
| अध्यक्ष प्रदेश स्तरीय उद्योगी, व्यवसायीका संघ संगठन | सदस्य |
| बुद्ध सर्किट भित्रका बौद्ध गुम्वा विहारका प्रतिनिधिहरु | सदस्य |
| संस्कृतिविद्हरुमध्येवाट मूल समितिले तोके अनुसार | सदस्य |
| साहित्यक संघसंस्थाहरुमध्येवाट मूल समितिले तोके अनुसार | सदस्य |
| लुम्बिनी परामर्श केन्द्र भैरहवा | सदस्य |
| अन्तर्राष्ट्रिय बौद्ध समाज लुम्बिनी | सदस्य |
| लुम्बिनी बौद्ध विश्वविद्यालयको प्रतिनिधि | सदस्य |
| समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरु मूल समितिले तोके अनुसार कम्तिमा एक तिहाइ महिला पर्नेगरी बढिमा १५ जना | सदस्य |
| सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य–सचिव |

नोटः यस समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकाय, विज्ञ वा सम्वन्धित व्यक्ति विशेषलाई समेत आमन्त्रण गर्न सकिने छ ।

## अनुसूची ३ - कार्यकारी समिति

| | |
|---|---|
| माननीय मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | – अध्यक्ष |
| सचिव – मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| सचिव – आर्थिक मामिला तथा योजना मन्त्रालय | – सदस्य |
| सचिव – आन्तरिक मामिला तथा कानून मन्त्रालय | – सदस्य |
| सचिव – भौतिक पूर्वाधार विकास मन्त्रालय | – सदस्य |
| सचिव – उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | – सदस्य |
| सचिव – कृषि, भूमिसुधार तथा सहकारी मन्त्रालय | – सदस्य |
| सचिव – सामाजिक विकास मन्त्रालय | – सदस्य |
| लुम्बिनी विकास कोषको योजना प्रमुख | – सदस्य |
| बुद्ध र लुम्बिनी सम्बन्धी विज्ञहरु मध्येबाट अध्यक्षले मनोनित गरेका २ जना | – सदस्य |
| योजना प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | – सदस्य |
| महाशाखा प्रमुख – औद्योगकि तथा पर्यटन प्रवर्द्धन महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | – सदस्य सचिव |